दशौं वार्षिक साधारण-सभा सम्बन्धी सूचना
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा

(प्रथम पटक प्रकाशित मिति :२०७४।०९।०८)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०७४/०९/७ मा बसेको सञ्चालक समितिको ७६३ औं बैठकको निर्णय अनुसार यस कम्पनीको दशौं वार्षिक साधारण-सभामा देहायको विषयहरूमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी एवं उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १० को उप-नियम ३ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

साधारण-सभा बस्ने मिति, समय र स्थान :

मिति : २०७४ साल पौष महिना ३० गते आइतवार (तद्नुसार १४, जनवरी २०१८)

समय : विहान १०:०० बजे

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, टुंडिखेल, काठमाडौं ।

छलफलका विषयहरू :

क. साधारण प्रस्ताव:

१. आर्थिक वर्ष २०७३/७४ को लागि अध्यक्ष एवं सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त हुने आर्थिक वर्ष २०७३/७४ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरणलाई छलफल गरी पारित गर्ने ।

३. चालु आ.ब.०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत आ.व.२०७३/०७४ को मुनाफा रकम मध्येबाट प्रति शेयर रु.५५।- का दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावलीको दफा १२ को खण्ड (ग) मा भएको व्यवस्था अनुसार कम्पनीको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने हालका सञ्चालक श्री विनय कुमार चालिसेको पदावधि समाप्त भए पछि नयाँ सञ्चालकको पदावधि शुरु हुने गरी नयाँ सञ्चालक सदस्यको निर्वाचन गर्ने ।

ख. विशेष प्रस्ताव:

१. कम्पनीको नियमावलीमा संशोधन गर्ने ।

ग. विविध ।

आज्ञाले,

कम्पनी सचिव

कम्पनी सचिव

कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभा र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट चुनिने सञ्चालकको निर्वाचनलाई ध्यानमा राखी मिति २०७४ साल पौष १२ गते देखि मिति २०७४ साल पौष ३० गते सम्म कम्पनीको शेयर दाखिल खारेजको काम बन्द रहने छ ।

२. वार्षिक साधारण सभामा भाग लिन तथा निर्वाचनमा मतदान गर्न इच्छुक शेयरधनीले नेपाल सरकारका निकायबाट जारी भएका आफ्नो परिचय खुल्ने प्रमाण (कागजात) र शेयर प्रमाणपत्र वा प्रतिलिपी वा हितग्राही खाता नम्बर भएको संलग्न स्टेटमेण्ट अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ । शेयरधनी महानुभावहरूको सुविधाको लागि सभा हुने दिन शेयरधनी उपस्थिति पुस्तिका बिहान ८:०० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहने छ ।

३. साधारण सभामा भाग लिन सम्बन्धित शेयरधनी आफै उपस्थित हुन नसक्ने भए प्रोक्सी (प्रतिनिधि) नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फाराम साधारण सभा सुरु हुने दिन भन्दा कम्तीमा ५ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाडौंमा बुझाई सक्नुपर्नेछ ।

४. शेयरधनी महानुभावहरूको ठेगानामा पठाइने कम्पनीको दशौं वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको वेभसाइट https://www.ntc.net.np/pages/view/financial-statements मा पनि हेर्न सकिनेछ । कुनै कारणवस प्रतिवेदन प्राप्त गर्न नसक्नु भएका शेयरधनी महानुभावहरूले यस कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाडौंबाट शेयरधनी प्रमाणपत्र प्रस्तुत गरी लिन सक्नु हुनेछ ।

५. बुँदा नं. १ मा उल्लेख गरे बमोजिम दर्ता किताबमा कायम शेयरधनीहरू मात्र सो सभाबाट पारित लाभांश रकमको हकदार हुनेछन् ।

६. नाबालक वा विक्षिप्त शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयरधनीहरुको लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिइनेछ ।

७. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषयबारे साधारण सभा हुनु भन्दा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा काठमाडौंमा लिखित जानकारी दिनु पर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर प्रश्न गर्न सकिने छैन ।

८. शेयरधनी महानुभावहरूले व्यक्त गर्नु भएको मन्तव्य वा प्रश्नहरूका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिक रुपले जवाफ दिइनेछ ।

९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू साधारण सभा स्थलमा आउँदा झोला, पोका जस्ता वस्तुहरू नलिई आउनु हुन अनुरोध गरिन्छ । सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरि दिनु हुन अनुरोध छ ।

१०. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावलीको नियम १२ को खण्ड (छ) को समूह (ग) तर्फको सर्वसाधारण शेयरधनीतर्फबाट एक जना सञ्चालकको लागि निर्वाचन गर्ने कार्यक्रम सम्वन्धी सम्पूर्ण कार्यको लागि निर्वाचन अधिकृतको कार्यालय, (नेपाल टेलिकम, केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाडौं) मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

कम्पनी सचिव